# देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८१ कार्तिक ५ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | देवदह नगरपालिकाको फोहर मैला व्यवस्थापनका लागि प्रस्तावकले देवदह नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दररेटका आधारमा फोहोरमैला व्यवस्थापन शूल्क संकलन गरि संकलित राजश्वको कम्तिमा १५ प्रतिशत रकम नघट्ने गरी नगरपालिकालाई उपलब्ध गराउने आधारमा बढीबढाउमा देहायको शर्तमा ३० दिने शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशन गर्ने। | |
| २ | देवदह-५ खैरेनी चोकदेखि गुरुङ्गटोला हुँदै नगरपालिका जाने सडक विस्तारका क्रममा क्षति पुग्ने घर परिवारलाई रकम उपलब्ध गराउने सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने। | |
| ३ | गत आ.व. मा ठेक्का लागि कार्य सम्पन्न हुन बाँकी तपसिलका आयोजनाहरुको म्याद २०८२ अषाढ मसान्त थप गर्ने र उल्लिखित योजनाहरु सम्पन्न गर्नको लागि चालु आर्थिक वर्षका लागि मर्मत सम्भार शिर्षकबाट रकम खर्च गर्ने।<br>• विर्ता चोदेखि वडा नं. १२ को सिमानादेखि वडा नं. १ - पेटवानिया देखि पूर्व राजाबारी जाने बाटो कालोपत्रे वडा नं. २<br>• मुना मदन चोक देखि दुर्गा मन्दिरसम्म नाली निर्माण वडा नं. ९- बुद्ध पथदेखि पाल्पाली टोल जोड्ने बाटो नाली सहित कालोपत्रे वडा नं.१० | |
| ४ | चालु आ.व. मा मर्मत सम्भार कोषमा विनियोजित बजेटबाट कल्भर्ट मर्मतका लागि देवदह नगरपालिका वडा नं. ५ लाई रु. पाँच लाख र वडा नं. १० लाई रु. सात लाख उपलब्ध गराउने। | |
| ५ | देवदह नगरपालिका अन्तर्गतका सडकहरुमा रहेका खाल्डा खुल्डीहरु पुर्न विपद् व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउने। | |
| ६ | देवदह नगरपालिका वडा नं. ४ बस्ने टुमाखर लुइटेलको नाती ओम प्रकाश लुइटेलको छोरा रमेश प्रसाद लुइटेलको परिवारलाई रु. ५० हजार आर्थिक सहायता उपलब्ध गराउने। | |
| ७ | देवदह नगरपालिका वडा नं. ३ निवासी खड्क बहादुर बुढाथोकीको छोरा नगर बहादुर बुढाथोकीलाई उपचारको लागि रु. ३० हजार आर्थिक सहायता उपलब्ध गराउने। | |
| ८ | देवदह नगरपालिका वडा नं. ६ बस्ने टिकाराम काफ्लेको छोरा विष्णु प्रसाद काफ्लेलाई उपचारको लागि रु. ५० हजार आर्थिक सहायता उपलब्ध गराउने। | |
| ९ | उज्यालो लाल्टिन प्रतिष्ठान, देवदह, रुपन्देहीलाई "उज्यालो स्रष्टाहरु-२०८१" कार्यक्रम आयोजना गर्नका लागि रु. ५० हजार रकम उपलब्ध गराउने। | |
| १० | थारु कल्याणकारी सभा, जिल्ला कार्य समिति, रुपन्देहीद्धारा थारु कल्याणकारी सभा २३ औं महाधिवेशन कार्यक्रम २०८१ आयोजना गर्नका लागि रु. ५० हजार रकम उपलब्ध गराउने। | |

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| ११ | देवदह नगरपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्यरत देवदह नगरपालिका वडा नं. ९ निवासी देउ कुमारी थापा क्षेत्रीको महिला स्वास्थ्य स्वयंसेविका सम्मानजनक विदाई कार्यक्रम अन्तर्गतको रु. १,५०,०००/- रकम उपलब्ध गराउन बाँकी रहेकै अवस्थामा मिति २०८०/१२/२१ गते निजको मृत्यु भएको हुँदा नियमानुसार उक्त रु. १,५०,०००/- (अक्षरुपी एक लाख पचास हजार मात्र) रकम निजको एकाघरका परिवारलाई उपलब्ध गराउने । | |
| १२ | यस कार्यालयबाट कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहमा कामकाजमा खटिनुभएका देहायका कर्मचारीलाई कर्णाली प्रदेशको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा १३६ को उपदफा २ बमोजिम हाल कार्यरत स्थानीय तहमा नै पदस्थापनाको लागि सहमति प्रदान गर्ने ।<br>• राधा हमाल, सब इन्जिनियर (पाँचौं तह)<br>• प्रवेश महतरा, सब इन्जिनियर (पाँचौं तह) | |
| १३ | शुभ दिपावली २०८१ को अवसरमा नागरबासीहरुमा आव्हान गर्ने । | |
| १४ | मिति २०८१/०७/१० गते सरसफाई तथा फोहर वर्गिकरण सम्बन्धि सचेतना कार्यक्रम आयोजना गर्ने । | |
| १५ | सप्तऋषि सोप ईण्डष्ट्रिज प्रा.लि., देवदह-१० द्धारा प्रस्तावित सोप, डेटरजेन्ट, लिक्युड क्लिनर, क्लिनिङ्ग पाउडर पदार्थ उत्पादन गर्ने उद्योग संचालन गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रक्रियाको लागि सहमति दिने । | |